आज मिति २०८० साल भाद्र १८ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को तेस्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री नरेश कुमार पाल गडेरी - का.वा. वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री प्रशुराम यादव - का.वा. वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. सुरक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
३. घ-वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।
४. सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको कार्य अगाडी बढाउने सम्बन्धमा ।
५. ७ वटै वडामा सञ्चालन हुने मोटर बोरिङ्गको डाटा संकलन गर्ने सम्बन्धमा ।
६. मेलमिलाप कर्ता सुचीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/०४/२८ गते बसेको आ.व. २०८०/०८१ को दोस्रो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.मा मिति २०८० भाद्र ११ गते सोमबार बसेको सुरक्षा सम्बन्धी बैठकबाट भएको सम्पुर्ण निर्णयहरु अनुमोदन गर्दै तत्काल कार्यान्वयन प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल बमोजिमका फर्महरुलाई घ-वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) अभिषेक निर्माण सेवा, देवानगञ्ज-७, सुनसरी ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र सञ्चालनको अवस्थामा रहेको सुकुम्बासी तथा अव्यवस्थित बसोबासीसँग सम्बन्धी बाँकी कार्यक्रम यथाशिग्र अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र ७ वटै वडामा मोटर बोरिङ्गको आवश्यकता पहिचान गर्ने प्रयोजनार्थ वडा कार्यालय मार्फत साविक गा.वि.स. को प्रत्येक वडाहरुमा के कति मोटर बोरिङ्ग आवश्यकता छ सो को तथ्यांक संकलन गरी ७ दिन भित्र गाउँपालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. स्थायी ठेगाना भई न्यायीक समितिमा सुचीकृतको लागि आवेदन दिएका तथा मेलमिलाप सम्बन्धित आधारभूत तालिम समेत लिईसकेका मेलमिलाप कर्ताको रुपमा कार्य गर्न इच्छुक मेलमिलाप कर्तालाई सुचीकृत गरी मेलमिलाप कार्यमा परिचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।